# गाउँ कार्यपालिका तथा नगर कार्यपालिका निर्वाचन निर्देशिका, २०७४

**निर्वाचन आयोगबाट स्वीकृत मिति : २०७४।२।२**

स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा ७१ ले दिएको अधिकार प्रयोग गरी निर्वाचन आयोगले यो निर्देशिका बनाई लागू गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस निर्देशिकाको नाम "गाउँ कार्यपालिका तथा नगर कार्यपालिका निर्वाचन निर्देशिका, २०७४" रहेको छ ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,-

(क) "अध्यक्ष" भन्नाले गाउँ कार्यपालिकाको अध्यक्ष सम्झनु पर्छ ।

(ख) "अल्पसङ्ख्यक" भन्नाले नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको अनुसूची-१ बमोजिमको समूहको व्यक्ति सम्झनु पर्छ ।

(ग) "आयोग" भन्नाले संविधानको धारा २४५ बमोजिमको निर्वाचन आयोग सम्झनु पर्छ ।

(घ) "उपप्रमुख" भन्नाले नगर कार्यपालिकाको उपप्रमुख सम्झनु पर्छ ।

(ङ) "उपाध्यक्ष" भन्नाले गाउँ कार्यपालिकाको उपाध्यक्ष सम्झनु पर्छ ।

(च) "ऐन" भन्नाले स्थानीय तह निर्वाचन ऐन, २०७३ सम्झनु पर्छ ।

(छ) "नियमावली" भन्नाले स्थानीय तह निर्वाचन नियमावली, २०७३ सम्झनु पर्छ ।

(ज) "निर्वाचन" भन्नाले नियमावलीको नियम ३३ को उपनियम (१) र (२) बमोजिमको गाउँ कार्यपालिका र नगर कार्यपालिकाको महिला र दलित वा अल्पसङ्ख्यक समुदायबाट हुने सदस्यको निर्वाचन सम्झनु पर्छ ।

(झ) "प्रमुख" भन्नाले नगर कार्यपालिकाको प्रमुख सम्झनु पर्छ ।

(ञ) "वडा अध्यक्ष" भन्नाले गाउँपालिका वा नगरपालिकाको वडा अध्यक्ष सम्झनु पर्छ ।

(ट) "वडा सदस्य" भन्नाले गाउँपालिका वा नगरपालिकाको वडा सदस्य सम्झनु पर्छ र सो शब्दले महिला वडा सदस्य र दलित महिला वडा सदस्यलाई समेत जनाउँछ ।

(ठ) "सदस्य" भन्नाले गाउँपालिका र नगरपालिकाको वडा सदस्य तथा गाउँ कार्यपालिका र नगर कार्यपालिकाको सदस्य सम्झनु पर्छ र सो शव्दले अध्यक्ष, उपाध्यक्ष, प्रमुख, उपप्रमुख र वडा अध्यक्षलाई समेत जनाउँछ ।

३. **<u>निर्वाचन सञ्चालन गराउने जिम्मेवारी</u>** : (१) ऐनको दफा ७ बमोजिम गाउँपालिका वा नगरपालिकाको निर्वाचनको लागि नियुक्त निर्वाचन अधिकृतले आफू खटिएको गाउँ कार्यपालिका तथा नगर कार्यपालिकाको महिला र दलित वा अल्पसङ्ख्यक समुदायबाट हुने सदस्यको निर्वाचन गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको निर्वाचनमा सम्बन्धित निर्वाचन अधिकृतले नियमावलीको नियम ३ को खण्ड (घ) बमोजिम मतदान अधिकृतको काम समेत गर्नु पर्नेछ ।

४. **<u>कर्मचारी खटाउने</u>** : निर्वाचन अधिकृतले आफ्नो कार्यालयमा खटिएका कर्मचारीलाई नै मतदानको काममा खटाउनु पर्नेछ ।

५. **<u>निर्वाचन कार्यक्रम प्रकाशन</u>** : (१) निर्वाचन अधिकृतले गाउँसभा वा नगरसभाको निर्वाचन घोषणा भएको मितिले सामान्यतया तीन दिनभित्र गाउँ कार्यपालिका वा नगर कार्यपालिकाको निर्वाचनको कार्यक्रम तयार गरी प्रकाशन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निर्वाचन अधिकृतले निर्वाचन कार्यक्रम तयार गर्दा गाउँसभा वा नगरसभाको निर्वाचनको अन्तिम परिणाम प्राप्त भएको मितिले पन्ध्र दिनभित्र निर्वाचन सम्पन्न हुने गरी क्रमबद्ध रुपमा त्यस्तो कार्यक्रम सञ्चालन गरिने मिति, समय र स्थान समेत तोकी अनुसूची-२ बमोजिमको ढाँचामा देहाय बमोजिम निर्वाचन कार्यक्रम प्रकाशन गर्नु पर्नेछ :-

(क) मतदाता नामावली प्रकाशन गर्ने,

(ख) मतदाता नामावली सच्याउन निवेदन दिने,

(ग) अन्तिम मतदाता नामाावली प्रकाशन गर्ने,

(घ) उम्मेदवारको मनोनयन पत्र दर्ता गर्ने,

(ङ) मनोनयन पत्र दर्ता भएका उम्मेदवारको सूची प्रकाशन गर्ने,

(च) उम्मेदवारको विरोधमा उजुरी दिने,

(छ) मनोनयन पत्रको जाँच गर्ने र उजुरी उपर निर्णय गर्ने,

(ज) उम्मेदवारको नामावली प्रकाशन गर्ने,

(झ) उम्मेदवारले नाम फिर्ता लिने,

(ञ) उम्मेदवारको अन्तिम नामावली प्रकाशन गर्ने,

(ट) उम्मेदवारलाई निर्वाचन चिन्ह प्रदान गर्ने,

(ठ) मतदान गर्ने ।

(३) निर्वाचन अधिकृतले उपदफा (१) बमोजिम निर्वाचन कार्यक्रम तयार गर्दा मुख्य निर्वाचन अधिकृतको कार्यालयबाट मतपत्र छपाइ गरी प्राप्त हुने समयलाई समेत ध्यान दिई मतदान गर्ने मिति निर्धारण गर्नु पर्नेछ ।

(४) निर्वाचन अधिकृतले उपदफा (१) बमोजिम निर्वाचन कार्यक्रम प्रकाशन गरेको जानकारी सम्भव भएसम्म सम्बन्धित राजनीतिक दललाई दिनु पर्नेछ ।

६. **मतदाता नामावली प्रकाशन** : निर्वाचन अधिकृतले गाउँसभा वा नगरसभाको निर्वाचनको अन्तिम परिणाम घोषणा भएको मितिले सामान्यतया तीन दिनभित्र गाउँपालिकाको हकमा अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्ष र वडा समितिका सदस्य तथा नगरपालिकाको हकमा प्रमुख, उपप्रमुख, वडा अध्यक्ष तथा वडा समितिका सदस्य पदमा निर्वाचित व्यक्तिहरुको नाम समावेश गरी निर्वाचनको लागि मतदाता नामावली तयार गरी दफा ५ बमोजिमको समयावधिभित्र आफ्नो कार्यालयमा प्रकाशन गर्नु पर्नेछ ।

७. **मतदाता नामावलीमा छुट नाम समावेश गर्ने दरखास्त दिने** : (१) दफा ६ बमोजिम प्रकाशित मतदाता नामावलीमा नाम छुट भएमा सम्बन्धित व्यक्तिले आफ्नो नाम समावेश गर्नका लागि दफा ५ बमोजिम तोकिएको समयावधिभित्र दरखास्त दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम मतदाता नामावलीमा आफ्नो नाम समावेश गराउन दरखास्त दिँदा निर्वाचन अधिकृत समक्ष दरखास्तवाला स्वयम् उपस्थित भई दरखास्त दिनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम मतदाता नामावलीमा नाम समावेश गराउन दरखास्त दिँदा दरखास्त दिने व्यक्तिले आफू गाउँसभा वा नगरसभामा निर्वाचित भएको प्रमाण समेत पेश गर्नु पर्नेछ ।

(४) उपदफा (१) बमोजिम पर्न आएको दरखास्त जाँचबुझ गर्दा व्यहोरा मनासिब देखिएमा निर्वाचन अधिकृतले सोही व्यहोराको निर्णय दरखास्त फाराममा उक्त व्यहोरा उल्लेख गरी निजको नाम मतदाता नामावलीमा समावेश गर्नु पर्नेछ ।

८. **नाम, थर, उमेर, पद आदि सच्याउन दरखास्त दिने** : (१) दफा ६ बमोजिम प्रकाशित मतदाता नामावलीमा नाम समावेश भएको कुनै मतदाताको नाम, थर, उमेर, पद वा अन्य व्यहोरामा भएको लेखाइ वा छपाइको त्रुटि सच्याउनु पर्ने देखिएमा दफा ५ बमोजिमको समयावधिभित्र निर्वाचन अधिकृत समक्ष दरखास्त दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम पर्न आएको दरखास्त जाँचबुझ गर्दा व्यहोरा मनासिब देखिएमा निर्वाचन अधिकृतले दरखास्त फाराममा सोही व्यहोराको निर्णय उल्लेख गरी दरखास्तवालाको विवरण सच्याउनु पर्नेछ ।

९. **अन्तिम मतदाता नामावली प्रकाशन** : (१) निर्वाचन अधिकृतले दफा ७ वा ८ बमोजिम पर्न आएको निवेदन अनुसार मतदाता नामावलीमा संशोधन गर्नुपर्ने देखिएमा संशोधन गरी अन्तिम मतदाता नामावली दुईप्रति तयार गरी एकप्रति निर्वाचन अधिकृतको कार्यालयमा प्रकाशन गर्नु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नियमावलीको नियम ३८क. बमोजिम शपथ नलिएको गाउँसभा वा नगरसभाको सदस्यको नाम अन्तिम मतदाता नामावलीमा समावेश गरिने छैन ।

१०. **उम्मेदवारको योग्यता** : (१) गाउँ कार्यपालिका वा नगर कार्यपालिकाको महिला सदस्य पदको लागि सम्बन्धित गाउँ सभा वा नगरसभाको सदस्यमा निर्वाचित भएको महिला उम्मेदवार हुन सक्नेछ ।

(२) गाउँ कार्यपालिका वा नगर कार्यपालिकाको दलित वा अल्पसङ्ख्यक समुदायबाट हुने सदस्य पदको लागि देहाय बमोजिमको योग्यता पुगेको व्यक्ति उम्मेदवार हुन सक्नेछ :-

(क) नेपालको नागरिक,

(ख) एक्काईस वर्ष उमेर पूरा भएको,

(ग) सम्बन्धित गाउँपालिका वा नगरपालिकाको मतदाता नामावलीमा नाम समावेश भएको,

(घ) ऐनको दफा १३ बमोजिम अयोग्य नभएको,

(ङ) अन्य प्रचलित कानूनले अयोग्य नभएको ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि नियमावलीको नियम ३८क. बमोजिम शपथ लिएको व्यक्तिमात्र गाउँ कार्यपालिका वा नगर कार्यपालिकाको महिला सदस्य पदको निर्वाचनमा उम्मेदवार हुन सक्नेछ ।

(४) दलित वा अल्पसङ्ख्यक समुदायबाट हुने सदस्य पदको लागि उम्मेदवारी दिने व्यक्तिले सम्बन्धित गाउँपालिका, नगरपालिका वा अधिकारप्राप्त निकायले दिएको दलित वा अल्पसङ्ख्यक समुदायको व्यक्ति भएको प्रमाणित हुने निस्सा पेश गर्नु पर्नेछ ।

**११. मनोनयनपत्र दर्ता** : (१) निर्वाचनमा उम्मेदवार हुन योग्यता पुगेको महिला र दलित वा अल्पसङ्ख्यक समुदायको व्यक्तिलाई दफा ९ बमोजिमको अन्तिम मतदाता नामावलीमा नाम समावेश भएको एकजना मतदाताले प्रस्ताव गरी अर्को एकजना मतदाताले सो प्रस्तावको समर्थन गरी उम्मेदवार हुने व्यक्ति, उम्मेदवारको वारिस, उम्मेदवारको प्रस्तावक वा समर्थकले नियमावलीको अनुसूची-१ बमोजिमको ढाँचाको मनोनयनपत्र निर्वाचन अधिकृत समक्ष दर्ता गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गाउँ कार्यपालिका वा नगर कार्यपालिकाको महिला र दलित वा अल्पसङ्ख्यक समुदायबाट हुने सदस्यको लागि प्रस्तावक वा समर्थक हुँदा एकजना व्यक्ति देहाय बमोजिमको सङ्ख्या भन्दा बढी उम्मेदवारको प्रस्तावक वा समर्थक हुन पाउने छैन :-

(क) गाउँ कार्यपालिकाको महिला सदस्य पदमा चारजना,

(ख) नगर कार्यपालिकाको महिला सदस्य पदमा पाँचजना,

(ग) गाउँ कार्यपालिकाको दलित वा अल्पसङ्ख्यक सदस्य पदमा दुईजना,

(घ) नगर कार्यपालिकाको दलित वा अल्पसङ्ख्यक सदस्य पदमा तीनजना ।

**१२. राजनीतिक दलको औपचारिक पत्र पेश गर्नुपर्ने** : (१) गाउँ कार्यपालिका वा नगर कार्यपालिकाको महिला र दलित वा अल्पसङ्ख्यक सदस्य पदको लागि राजनीतिक दलको तर्फबाट उम्मेदवारी दिने व्यक्तिले मनोनयनपत्र साथ सम्बन्धित राजनीतिक दलको औपचारिक पत्र संलग्न गर्नु पर्नेछ ।

(२) यस निर्देशिकामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि राजनीतिक दलको तर्फबाट उम्मेदवार भई गाउँसभा वा नगरसभामा निर्वाचित भएको कुनै सदस्य सोही दलको

तर्फबाट मात्र गाउँ कार्यपालिका वा नगर कार्यपालिकाको महिला सदस्य पदमा उम्मेदवार हुन सक्नेछ ।

१३. **धरौटी राख्नुपर्ने** : (१) गाउँ कार्यपालिका वा नगर कार्यपालिकाको महिला र दलित वा अल्पसङ्ख्यक सदस्य पदको उम्मेदवार हुनको लागि दुईसय पचास रुपैयाँ रकम धरौटी राख्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको निर्वाचनमा मतदान गरिएको जम्मा सदर मतको दश प्रतिशत भन्दा कम सदर मत पाउने उम्मेदवारको धरौटी जफत हुनेछ ।

तर निर्वाचित उम्मेदवारको हकमा यो व्यवस्था लागू हुने छैन ।

(३) उपदफा (२) बमोजिम धरौटी जफत हुने अवस्थामा बाहेक अन्य उम्मेदवार र मनोनयनपत्र स्वीकृत नभएको वा नाम फिर्ता लिएका व्यक्तिले राखेको धरौटी त्यस्तो निर्वाचन परिणाम घोषणा भएको मितिले नब्बे दिनभित्र सम्बन्धित व्यक्तिले फिर्ता लिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिमको म्यादभित्र धरौटी फिर्ता नलिएमा त्यस्तो धरौटीको रकम सञ्चित कोषमा दाखिला हुनेछ ।

१४. **निर्वाचन चिन्ह प्रदान गर्ने** : निर्वाचन अधिकृतले निर्वाचनको लागि व्यवस्थापिका-संसदमा प्रतिनिधित्व गर्ने दलको उम्मेदवारलाई अनुसूची-३ बमोजिम सम्बन्धित दलको निर्वाचन चिन्ह र व्यवस्थापिका-संसदमा प्रतिनिधित्व नगर्ने दलको उम्मेदवार र स्वतन्त्र उम्मेदवारलाई अनुसूची-४ मा उल्लेख गरिए बमोजिमको समूहबाट निर्वाचन चिन्ह प्रदान गर्नु पर्नेछ ।

१५. **जानकारी दिनुपर्ने** : निर्वाचन अधिकृतले दफा १४ बमोजिम उम्मेदवारलाई निर्वाचन चिन्ह प्रदान गरिसकेपछि उम्मेदवारको नाम, निजलाई प्रदान गराएको निर्वाचन चिन्ह र मतदाता सङ्ख्या सहितको विवरण मतपत्र तयार गरी पठाउने प्रयोजनको लागि तुरुन्त मुख्य निर्वाचन अधिकृतलाई उपलब्ध गराउनु पर्नेछ ।

१६. **मतपत्र छपाइ गर्ने** : (१) दफा १५ बमोजिम उम्मेदवारको नाम र निजलाई प्रदान गरेको निर्वाचन चिन्हको विवरण प्राप्त गरेपछि मुख्य निर्वाचन अधिकृतले सम्बन्धित गाउँ कार्यपालिका र नगर कार्यपालिकाका महिला र दलित वा अल्पसङ्ख्यक समुदायबाट हुने सदस्यको निर्वाचनको लागि उम्मेदवारको अन्तिम नामावलीमा नाम समावेश भएका उम्मेदवारहरुको निर्वाचन चिन्ह समावेश गरी अनुसूची-५ को ढाँचामा मतपत्र छपाउनु पर्नेछ । त्यसरी मतपत्र छपाउँदा महिला सदस्य र दलित वा अल्पसङ्ख्यक समुदायबाट हुने सदस्यको लागि छुट्टाछुट्टै मतपत्र छपाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम मतपत्र छपाइ गर्दा मतदाता सङ्ख्याको आधारमा सामान्यतयाः दश प्रतिशत बढी छपाउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम मतपत्र छाप्दा एउटै पानामा नअट्ने भएमा एकभन्दा बढी पानामा छपाइ गरी पाना नम्बर उल्लेख गरी स्टिच गर्नु पर्नेछ ।

(४) उपदफा (१) बमोजिम मतपत्र छपाइ गर्दा गोपनीयता एवं सुरक्षाको आवश्यक व्यवस्था मिलाउनु पर्नेछ ।

(५) यस दफा बमोजिम मतपत्र छपाउँदा अनुसूची-६ मा उल्लिखित प्रकृया अवलम्बन गर्नु पर्नेछ ।

(६) उपदफा (१) बमोजिम छापिएका मतपत्रलाई क्रमसङ्ख्या अनुसार गणना एवं रुजु गरी प्लाष्टिकको थैलोमा राख्नु पर्नेछ र त्यस्तो थैलोलाई बाहिरबाट पुनः कपडाको थैलोमा राखी सिलबन्दी गर्नु पर्नेछ ।

१७. **<u>मतपत्र व्यवस्थापन समिति</u>** : (१) दफा १६ बमोजिम मतपत्रको छपाइको तयारी देखि सोको छपाइ, रूजु, प्याकिङ र ढुवानीसम्मको सम्पूर्ण कामको व्यवस्थापनका लागि देहाय बमोजिम एक समिति रहनेछ :-

| | | |
|---|---|---|
| (क) | मुख्य निर्वाचन अधिकृत | -संयोजक |
| (ख) | क्षेत्रीय वा जिल्ला निर्वाचन अधिकारी | -सदस्य |
| (ग) | सहायक निर्वाचन अधिकृत (मुख्य निर्वाचन अधिकृतको कार्यालय) | -सदस्य |
| (घ) | कम्प्युटर अपरेटर, मुख्य निर्वाचन अधिकृतको कार्यालय | -सदस्य |
| (ङ) | कम्प्युटर अपरेटर, क्षेत्रीय वा जिल्ला निर्वाचन कार्यालय | -सदस्य-सचिव |

(२) उपदफा (१) बमोजिम गठन हुने समितिमा सम्भव भएसम्म सम्बन्धित गाउँपालिका वा नगरपालिकाको निर्वाचन अधिकृत वा सहायक निर्वाचन अधिकृतलाई आमन्त्रण गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको समितिको बैठक वापत सो समितिका संयोजक, सदस्य, सदस्य-सचिव र आमन्त्रित सदस्यलाई नेपाल सरकारको नियमानुसारको बैठक भत्ता दिइनेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) बमोजिमको समितिको बैठक वापतको रकम भुक्तानी गर्दा देहाय बमोजिमको सङ्ख्यामा नबढ्ने गरी भुक्तानी गर्नु पर्नेछ :-

(क) पाँचवटासम्म गाउँपालिका वा नगरपालिका भएको जिल्लामा बढीमा दुईवटा बैठक बापत,

(ख) छदेखि दशवटासम्म गाउँपालिका वा नगरपालिका भएको जिल्लामा बढीमा तीनवटा बैठक बापत,

(ग) एघारदेखि पन्ध्रवटासम्म गाउँपालिका वा नगरपालिका भएको जिल्लामा बढीमा चारवटा बैठक बापत,

(घ) पन्ध्रवटा भन्दा बढी गाउँपालिका वा नगरपालिका भएका जिल्लामा बढीमा पाँचवटा बैठक बापत ।

१८. **<u>मतपत्र र निर्वाचन सामग्री उपलब्ध गराउने</u>** : (१) दफा १६ बमोजिम छपाइ गरिएका मतपत्र मुख्य निर्वाचन अधिकृतले सम्बन्धित निर्वाचन अधिकृतलाई बुझाई त्यसको भर्पाइ गराई राख्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(२) निर्वाचनको लागि आवश्यक पर्ने स्वस्तिक छाप, सिल लगायतका निर्वाचन सामग्री निर्वाचन अधिकृतको कार्यालयमा उपलब्ध नभएमा सम्बन्धित क्षेत्रीय वा जिल्ला निर्वाचन कार्यालयले त्यस्तो सामग्री उपलब्ध गराउने व्यवस्था मिलाउनु पर्नेछ ।

१९. **मतदान** : (१) मतदान अधिकृतले दफा ५ बमोजिम प्रकाशित निर्वाचन कार्यक्रम अनुसार निर्धारित समयमा मतदान कार्य सम्पन्न गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम मतदान गर्न आउने मतदातालाई मतपत्र दिनुअघि मतदान अधिकृतले निजको नाम मतदाता नामावली र निर्वाचन अधिकृतले प्रदान गरेको गाउँसभा वा नगरसभा सदस्यको पदमा निर्वाचित भएको प्रमाणपत्रमा उल्लिखित विवरणसँग भिडाई रुजु गरिसकेपछि मतपत्र दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम विवरण भिडाउँदा कुनै मतदाताको व्यहोरामा लेखाइ वा छपाइको सानोतिनो भूलचुक देखिए तापनि मतदाता नामावलीमा लेखिएको व्यक्ति निज नै हो भन्ने कुरामा विश्वस्त हुने आधार भएमा मतदान अधिकृतले मतदानका लागि त्यस्तो मतदातालाई मतपत्र दिनेछ ।

**स्पष्टीकरण** : यस दफाको प्रयोजनको लागि "सानोतिनो भूलचुक" भन्नाले मतदाता नामावलीमा सम्बन्धित व्यक्तिको नाम, थर, उमेर, वतनमा लेखाइ वा छपाइ सम्बन्धी प्राविधिक वा अक्षर, मात्रा वा अङ्कको सामान्य त्रुटि सम्झनु पर्छ ।

(४) उपदफा (३) बमोजिम मतपत्र दिँदा पहिले महिला सदस्य पदको लागि निर्धारण गरिएको मतपत्र दिई सोको लागि राखिएको मतपेटिकामा मतदान गरिसकेपछि दलित वा अल्पसङ्ख्यक सदस्य पदको लागि निर्धारण गरिएको मतपत्र दिनु पर्नेछ ।

(५) मतदान अधिकृतले महिला सदस्य र दलित वा अल्पसङ्ख्यक सदस्यको निर्वाचनको लागि छुट्टाछुट्टै मतपेटिका राख्नु पर्नेछ ।

२०. **मतगणना** : (१) निर्वाचन अधिकृतले मतदान हुने दिन अगावै मतगणना गरिने स्थान तोकी सूचना प्रकाशन गर्नु पर्नेछ ।

(२) निर्वाचन अधिकृतले मतदान कार्य समाप्त भएपछि मतगणना गर्ने समय तोकी सूचना प्रकाशन गर्नु पर्नेछ र सोको जानकारी सम्बन्धित उम्मेदवारहरुलाई समेत दिनु पर्नेछ ।

(३) यस दफा बमोजिम मतगणना गर्दा प्रत्येक उम्मेदवारले प्राप्त गरेको मत अनुसूची-७ बमोजिमको ढाँचाको फाराममा उल्लेख गर्नु पर्नेछ ।

(४) निर्वाचन अधिकृतले उपदफा (३) बमोजिमको मतगणना फारामको आधारमा गणना गरेको मतसङ्ख्या अनुसूची-८ बमोजिमको ढाँचाको फाराममा उल्लेख गर्नु पर्नेछ ।

२१. **निर्वाचन परिणाम घोषणा गर्ने** : (१) निर्वाचन अधिकृतले मतगणना कार्य समाप्त भएपछि उम्मेद्वारले प्राप्त गरेको मत परिणाम सार्वजनिक गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम मत परिणाम सार्वजनिक गर्दा देहाय बमोजिमका उम्मेदवारलाई विजयी भएको घोषणा गर्नु पर्नेछ :-

(क) गाउँ कार्यपालिकाको महिला सदस्य पदमा सबैभन्दा बढी मत प्राप्त गर्ने चारजना,

(ख) नगर कार्यपालिकाको महिला सदस्य पदमा सबैभन्दा बढी मत प्राप्त गर्ने पाँचजना,

(ग) गाउँ कार्यपालिकाको दलित वा अल्पसङ्ख्यक सदस्य पदमा सबैभन्दा बढी मत प्राप्त गर्ने दुईजना,

(घ) नगर कार्यपालिकाको दलित वा अल्पसङ्ख्यक सदस्य पदमा सबैभन्दा बढी मत प्राप्त गर्ने तीनजना ।

२२. **प्रमाणपत्र प्रदान गर्ने** : दफा २१ बमोजिम निर्वाचन परिणाम घोषणा गरेपछि विजयी उम्मेदवारलाई निर्वाचन अधिकृतले निर्वाचनमा विजयी भएको प्रमाणपत्र दिई त्यस्तो प्रमाणपत्रको एकप्रति सम्बन्धित क्षेत्रीय वा जिल्ला निर्वाचन कार्यालयमा बुझाउनु पर्नेछ ।

२३. **शपथ** : गाउँ कार्यपालिका वा नगर कार्यपालिकामा महिला र दलित वा अल्पसङ्ख्यक समुदायबाट निर्वाचित हुने सदस्यले निर्वाचन परिणाम प्राप्त भएपछि निर्वाचन अधिकृत समक्ष नियमावलीको अनुसूची-२९क. बमोजिमको ढाँचामा पद तथा गोपनीयताको शपथ लिनु पर्नेछ ।

२४. **यसै निर्देशिका बमोजिम हुने :** निर्वाचनको सम्बन्धमा यस निर्देशिकामा लेखिएका कुरामा यसै निर्देशिका बमोजिम र अन्य कुराको हकमा स्थानीय तह निर्वाचन निर्देशिका, २०७३, स्थानीय तह निर्वाचन (मतदान) निर्देशिका, २०७४ र स्थानीय तह निर्वाचन (मतगणना) निर्देशिका, २०७४ बमोजिम हुनेछ ।

अनुसूची-१

(दफा २ को खण्ड (ख) सँग सम्बन्धित)

**अल्पसङ्ख्यक समूहको सूची**

| क्र.सं. | जातजाति | क्र.सं. | जातजाति | क्र.सं. | जातजाति | क्र.सं. | जातजाति | क्र.सं. | जातजाति |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | कलवार | २ | कानु | ३ | कुमाल | ४ | घर्ती/भुजेल | ५ | हजाम/ठाकुर |
| ६ | राजवंशी | ७ | शेर्पा | ८ | धोवी | ९ | तत्मा/तत्वा | १० | लोहार |
| ११ | खत्वे | १२ | सुढी | १३ | दनुवार | १४ | हलुवाइ | १५ | माझी |
| १६ | बरई | १७ | बिन | १८ | नुनीया | १९ | चेपाङ /प्रजा | २० | सोनार |
| २१ | कम्हार | २२ | सुनुवार | २३ | बाँतर/सरदार | २४ | कहर | २५ | सतार/सन्थाल |
| २६ | मारवाडी | २७ | कायस्थ | २८ | राजपुत | २९ | बादी | ३० | झाँगड/धागर |
| ३१ | गनगाई | ३२ | लोध | ३३ | बढई | ३४ | थामी | ३५ | कुलुङ |
| ३६ | बंगाली | ३७ | गडेरी/ भेडियार | ३८ | धिमाल | ३९ | याक्खा | ४० | घले |
| ४१ | ताजपुरीया | ४२ | खवास | ४३ | दराइ | ४४ | माली | ४५ | धुनीया |
| ४६ | पहरी | ४७ | राजधोव | ४८ | भोटे | ४९ | डोम | ५० | थकाली |
| ५१ | कोरी | ५२ | छन्त्याल | ५३ | ह्योल्मो | ५४ | बोटे | ५५ | राजभर |
| ५६ | ब्रम्हु/बरामो | ५७ | पंजाबी/सिख | ५८ | नाछिरिङ | ५९ | याम्फु | ६० | गाइने |
| ६१ | चाम्लिङ | ६२ | आठपहरिया | ६३ | जिरेल | ६४ | दुरा | ६५ | सरवरिया |
| ६६ | मेचे | ६७ | बान्तवा | ६८ | राजी | ६९ | डोल्पो | ७० | हलखोर |
| ७१ | व्यासी / सौका | ७२ | अमात | ७३ | थुलुङ | ७४ | लेप्चा | ७५ | पथरकट्टा /कुशवाडिया |
| ७६ | मेवाहाङ वाला | ७७ | बाहिङ | ७८ | नटुवा | ७९ | हायु | ८० | धन्कार/धरिकार |
| ८१ | ल्होपा | ८२ | मुण्डा | ८३ | देव | ८४ | ढाँडी | ८५ | कमर |
| ८६ | किसान | ८७ | साङपाङ | ८८ | कोचे | ८९ | ल्होमी | ९० | खालिङ |
| ९१ | तोप्केगोला | ९२ | चिडिमार | ९३ | वालुङ | ९४ | लोहोरुङ | ९५ | कलार |
| ९६ | राउटे | ९७ | नुराङ | ९८ | कुसुन्डा | | | | |

अनुसूची-२

(दफा ५ को उपदफा (२) सँग सम्बन्धित)

निर्वाचन आयोग

निर्वाचन अधिकृतको कार्यालय

.................... जिल्ला

......................... गाउँपालिका/नगरपालिका

## **निर्वाचन कार्यक्रमको सूचना**

................. जिल्लाको.................... गाउँ कार्यपालिका/नगर कार्यपालिकाको महिला र दलित वा अल्पसङ्ख्यक सदस्य पदको निर्वाचन प्रयोजनको लागि निम्न बमोजिमको निर्वाचन कार्यक्रमको सूचना प्रकाशन गरिएको छ।

| क्रम संख्या | कार्यक्रम | मिति | | समय | | स्थान | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | देखि | सम्म | देखि | सम्म | | |
| १ | मतदाता नामावली प्रकाशन गर्ने | | | | | | |
| २ | मतदाता नामावली सच्याउन निवेदन दिने | | | | | | |
| ३ | अन्तिम मतदाता नामावली प्रकाशन गर्ने | | | | | | |
| ४ | उम्मेदवारको मनोनयनपत्र दर्ता गर्ने | | | | | | |
| ५ | मनोनयनपत्र दर्ता भएका उम्मेदवारको सूची प्रकाशन गर्ने | | | | | | |
| ६ | उम्मेदवारको विरोधमा उजुरी दिने | | | | | | |
| ७ | मनोनयनपत्रको जाँच र उजुरी उपर निर्णय गर्ने | | | | | | |
| ८ | उम्मेदवारको नामावली प्रकाशन गर्ने | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ९ | उम्मेदवारले आफ्नो नाम फिर्ता लिने | | | | | | |
| १० | उम्मेदवारको अन्तिम नामावली प्रकाशन गर्ने | | | | | | |
| ११ | उम्मेदवारलाई निर्वाचन चिन्ह प्रदान गर्ने | | | | | | |
| १२ | मतदान गर्ने | | | | | | |

मिति :-

समय :-



..............................

निर्वाचन अधिकृत



अनुसूची-३

(दफा १४ सँग सम्बन्धित)

व्यवस्थापिका-संसदमा प्रतिनिधित्व गर्ने दलको निर्वाचन चिन्ह

| क्र.सं. | दलको नाम | निर्वाचन चिन्ह | |
|---|---|---|---|
| १ | नेपाली काँग्रेस | रुख |  |
| २ | नेपाल कम्यूनिष्ट पार्टी एकीकृत मार्क्सवादी लेनिनवादी | सूर्य |  |
| ३ | नेपाल कम्युनिष्ट पार्टी ( माओवादी केन्द्र) | गोलाकारभित्र हँसिया हथौडा |  |
| ४ | राष्ट्रिय प्रजातन्त्र पार्टी | गाई |  |
| ५ | संघीय समाजवादी फोरम, नेपाल | हातले समातेको मसाल |  |
| ६ | मधेशी जनअधिकार फोरम, नेपाल (लोकतान्त्रिक) | नमस्कार गरेको हात |  |
| ७ | तराई–मधेश लोकतान्त्रिक पार्टी | जोडा गोरु |  |

| | | | |
|---|---|---|---|
| ८ | सद्भावना पार्टी | तीर |  |
| ९ | नेपाल कम्युनिष्ट पार्टी (मार्क्सवादी) | हँसिया र तारा |  |
| १० | राष्ट्रिय जनमोर्चा | गिलास |  |
| ११ | नेपाल कम्युनिष्ट पार्टी (संयुक्त) | हँसिया |  |
| १२ | राष्ट्रिय मधेश समाजवादी पार्टी | साइकल |  |
| १३ | नेपाल मजदुर किसान पार्टी | मादल |  |
| १४ | राष्ट्रिय जनमुक्ति पार्टी | घर |  |
| १५ | तराई मधेश सद्भावना पार्टी नेपाल | लट्ठी लिएको पुरुष |  |
| १६ | थरुहट तराई पार्टी नेपाल | ढक्की |  |
| १७ | नेपाल परिवार दल | साँचो |  |
| १८ | बहुजन शक्ति पार्टी | जग |  |

| | | | |
|---|---|---|---|
| १९ | अखण्ड नेपाल पार्टी | ध्वजा |  |
| २० | मधेशी जनअधिकार फोरम (गणतान्त्रिक) | रेल |  |
| २१ | नेपाली जनता दल | पाङ्ग्रो |  |
| २२ | खम्बुवान राष्ट्रिय मोर्चा, नेपाल | हथौडा |  |
| २३ | जनजागरण पार्टी नेपाल | टर्च लाइट |  |
| २४ | नेपाल सद्भावना पार्टी | हात |  |
| २५ | मधेश समता पार्टी नेपाल | रिक्सा |  |
| २६ | समाजवादी जनता पार्टी | चन्द्रमा |  |
| २७ | संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्च (थरुहट) | गाग्री |  |

अनुसूची-४

(दफा १४ सँग सम्बन्धित)

## स्वतन्त्र उम्मेदवारहरुको लागि निर्वाचन चिन्हहरुको समूह

| | | | | |
|---|---|---|---|---|
|  ब्याडमिन्टन कर्क |  भित्ते घडी |  फूल |  कप प्लेट |  मुढा |
|  साँचोको झुप्पो |  डालो |  पीपलको पात |  ग्लोब |  कोदालो बोकेको किसान |
|  जेब्रा |  कुखुराको चल्ला |  रामतोरियाँ (भिन्डी) |  पङ्खा |  मसी र कलम |
|  गहना |  काने कसौडी |  प्वाँख |  फ्रक |  बस |

अनुसूची-५

(दफा १६ को उपदफा (१) सँग सम्बन्धित)

**मतपत्रको नमूना ढाँचा**

## (क) गाउँ कार्यपालिकाका दलित वा अल्पसङ्ख्यक सदस्यको निर्वाचनको मतपत्र

### गाउँ कार्यपालिका दलित वा अल्पसङ्ख्यक सदस्य निर्वाचन, २०७४

जिल्लाको नाम : ........................ मतपत्र सङ्ख्या : .......

गाउँपालिकाको नाम : ......................................वडा नं. .............

मतदाताको नाम : ..............................................

मतदाता क्रम सङ्ख्या : .......................

मतदाताको सहीछाप








---



गाउँ कार्यपालिका दलित वा अल्पसंख्यक सदस्य निर्वाचन, २०७४

(निर्वाचन चिन्ह रहेका कुनै दुई कोठाभित्र मात्र मत सङ्केत गर्नुहोस्)

| क.सं. | उम्मेदवारको नाम र निर्वाचन चिन्ह | उम्मेदवारको नाम र निर्वाचन चिन्ह |
|---|---|---|
| १ | ............... | ............... |
| २ | ............... | ............... |
| ३ | ............... | ............... |
| ४ | ............... | ............... |
| ५ | ............... | ............... |

| क.सं. | उम्मेदवारको नाम र निर्वाचन चिन्ह | उम्मेदवारको नाम र निर्वाचन चिन्ह |
|---|---|---|
| ६ | ...............<br> | ...............<br> |
| ७ | ...............<br> | ...............<br> |
| ८ | ...............<br> | ...............<br> |
| ९ | ...............<br> | ...............<br> |
| १० | ...............<br> | ...............<br> |
| ११ | ...............<br> | ...............<br> |
| १२ | ...............<br> | ...............<br> |
| १३ | ...............<br> | ...............<br> |
| १४ | ...............<br> | ...............<br> |

| क.सं. | उम्मेदवारको नाम र निर्वाचन चिन्ह | उम्मेदवारको नाम र निर्वाचन चिन्ह |
|---|---|---|
| १५ | ...............  | ...............  |
| १६ | ...............  | ...............  |
| १७ | ...............  | ...............  |
| १८ | ...............  | ...............  |
| १९ | ...............  | ...............  |
| २० | ...............  | ...............  |
| २१ | ...............  | ...............  |
| २२ | ...............  | ...............  |
| २३ | ...............  | ...............  |

| क.सं. | उम्मेदवारको नाम र निर्वाचन चिन्ह | उम्मेदवारको नाम र निर्वाचन चिन्ह |
|---|---|---|
| २४ | ...............  | ...............  |
| २५ | ...............  | ...............  |
| २६ | ...............  | ...............  |
| २७ | ...............  | ...............  |
| २८ | ...............  | ...............  |
| २९ | ...................  | ...................  |
| ३० | .......................  | ..................  |
| ३१ | ......................  | .....................  |
| ३२ | ........................  | .......................  |

| क.सं. | उम्मेदवारको नाम र निर्वाचन चिन्ह | उम्मेदवारको नाम र निर्वाचन चिन्ह |
|---|---|---|
| ३३ | .........................  | ....................  |
| ३४ | ...................  | ....................  |
| ३५ | .....................   | .....................  |
| ३६ | ......................  | ..................  |
| ३७ | ......................  | .....................  |

मतदान अधिकृतको सही : ...............

(ख) **नगर कार्यपालिकाका दलित वा अल्पसङ्ख्यक सदस्यको निर्वाचनको मतपत्र**

## नगर कार्यपालिका दलित वा अल्पसङ्ख्यक सदस्य निर्वाचन, २०७४

मतपत्र सङ्ख्या : .......

जिल्लाको नाम : ........................

नगरपालिकाको नाम : .....................................वडा नं. ............

मतदाताको नाम : .............................................

मतदाता क्रम सङ्ख्या : .......................

मतदाताको सहीछाप















---

नगर कार्यपालिका दलित वा अल्पसङ्ख्यक सदस्य निर्वाचन, २०७४

((निर्वाचन चिन्ह रहेका कुनै तीन कोठाभित्र मात्र मत सङ्केत गर्नुहोस्)

| क्र.सं. | उम्मेदवारको नाम र निर्वाचन चिन्ह | उम्मेदवारको नाम र निर्वाचन चिन्ह | उम्मेदवारको नाम र निर्वाचन चिन्ह |
|---|---|---|---|
| १ | ............... | ............... | ............... |
| २ | ............... | ............... | ............... |
| ३ | ............... | ............... | ............... |
| ४ | ............... | ............... | ............... |
| ५ | ............... | ............... | ............... |

| क.सं. | उम्मेदवारको नाम र निर्वाचन चिन्ह | उम्मेदवारको नाम र निर्वाचन चिन्ह | उम्मेदवारको नाम र निर्वाचन चिन्ह |
|---|---|---|---|
| ६ | ............... | ............... | ............... |
| ७ | ............... | ............... | ............... |
| ८ | ............... | ............... | ............... |
| ९ | ............... | ............... | ............... |
| १० | ............... | ............... | ............... |
| ११ | ............... | ............... | ............... |
| १२ | ............... | ............... | ............... |
| १३ | ............... | ............... | ............... |
| १४ | ............... | ............... | ............... |

| क.सं. | उम्मेदवारको नाम र निर्वाचन चिन्ह | उम्मेदवारको नाम र निर्वाचन चिन्ह | उम्मेदवारको नाम र निर्वाचन चिन्ह |
|---|---|---|---|
| १५ | ...............  | ...............  | ...............  |
| १६ | ...............  | ...............  | ...............  |
| १७ | ...............  | ...............  | ...............  |
| १८ | ...............  | ...............  | ...............  |
| १९ | ...............  | ...............  | ...............  |
| २० | ...............  | ...............  | ...............  |
| २१ | ...............  | ...............  | ...............  |
| २२ | ...............  | ...............  | ...............  |
| २३ | ...............  | ...............  | ...............  |

| क.सं. | उम्मेदवारको नाम र निर्वाचन चिन्ह | उम्मेदवारको नाम र निर्वाचन चिन्ह | उम्मेदवारको नाम र निर्वाचन चिन्ह |
|---|---|---|---|
| ३३ | ......................  | ......................  | ......................  |
| ३४ | ......................  | ......................  | |

मतदान अधिकृतको सही : ................

(ग) **गाउँ कार्यपालिकाका महिला सदस्यको निर्वाचनको मतपत्र**

## गाउँ कार्यपालिका महिला सदस्य निर्वाचन, २०७४

जिल्लाको नाम : ........................ मतपत्र सङ्ख्या : .......

गाउँपालिकाको नाम : .....................................वडा नं. .............

मतदाताको नाम : .............................................

मतदाता क्रम सङ्ख्या : .......................

मतदाताको सहीछाप

---

गाउँ कार्यपालिका महिला सदस्य निर्वाचन, २०७४

((निर्वाचन चिन्ह रहेका कुनै चार कोठाभित्र मात्र मत सङ्केत गर्नुहोस्)

| क्र.सं. | उम्मेदवारको नाम र निर्वाचन चिन्ह | उम्मेदवारको नाम र निर्वाचन चिन्ह | उम्मेदवारको नाम र निर्वाचन चिन्ह | उम्मेदवारको नाम र निर्वाचन चिन्ह |
|---|---|---|---|---|
| १ | ............... | ............... | ............... | ............... |
| २ | ............... | ............... | ............... | ............. |
| ३ | ............... | ............... | ............... | ............. |
| ४ | ............... | ............... | ............... | ............... |
| ५ | ............... | ............... | ............... | ............... |
| ६ | ............... | ............... | ............... | ............... |

(घ) **नगर कार्यपालिकाका महिला सदस्यको निर्वाचनको मतपत्र**

## नगर कार्यपालिका महिला सदस्य निर्वाचन, २०७४

जिल्लाको नाम : ........................ मतपत्र सङ्ख्या : .......

नगरपालिकाको नाम : ......................................वडा नं. .............

मतदाताको नाम : ..............................................

मतदाता क्रम सङ्ख्या : .......................




मतदाताको सहीछाप








---

नगर कार्यपालिका महिला सदस्य निर्वाचन, २०७४

(कुनै पाँच निर्वाचन चिन्हमा मत सङ्केत गर्नुहोस्)

| क.सं. | उम्मेदवारको नाम र निर्वाचन चिन्ह | उम्मेदवारको नाम र निर्वाचन चिन्ह | उम्मेदवारको नाम र निर्वाचन चिन्ह | उम्मेदवारको नाम र निर्वाचन चिन्ह | उम्मेदवारको नाम र निर्वाचन चिन्ह |
|---|---|---|---|---|---|
| १ | ............... | ............... | ............... | ............... | ............... |
| २ | ............... | ............... | ............... | ............... | ............... |
| ३ | ............... | ............... | ............... | ............... | ............... |
| ४ | ............... | ............... | ............... | ............... | ............... |
| ५ | ............... | ............... | ............... | ............... | ............... |
| ६ | ............... | ............... | ............... | ............... | ............... |

| क्र.सं. | उम्मेदवारको नाम र निर्वाचन चिन्ह | उम्मेदवारको नाम र निर्वाचन चिन्ह | उम्मेदवारको नाम र निर्वाचन चिन्ह | उम्मेदवारको नाम र निर्वाचन चिन्ह | उम्मेदवारको नाम र निर्वाचन चिन्ह |
|---|---|---|---|---|---|
| ७ | ...............  | ............... | ............... | ............... | ............... |
| ८ | ...............  | ............... | ............... | ............... | ............... |
| ९ | ...............  | ............... | ............... | ............... | ............... |
| १० | ...............  | ............... | ............... | ............... | ............... |
| ११ | ...............  | ............... | ............... | ............... | ............... |
| १२ | ...............  | ............... | ............... | ............... | ............... |
| १३ | ...............  | ............... | ............... | ............... | ............... |
| १४ | ...............  | ............... | ............... | ............... | ............... |
| १५ | ...............  | ............... | ............... | ............... | ............... |

| क्र.सं. | उम्मेदवारको नाम र निर्वाचन चिन्ह | उम्मेदवारको नाम र निर्वाचन चिन्ह | उम्मेदवारको नाम र निर्वाचन चिन्ह | उम्मेदवारको नाम र निर्वाचन चिन्ह | उम्मेदवारको नाम र निर्वाचन चिन्ह |
|---|---|---|---|---|---|
| १६ | ...............  | ............... | ............... | ............... | ............... |
| १७ | ...............  | ............... | ............... | ............... | ............... |
| १८ | ...............  | ............... | ............... | ............... | ............... |
| १९ | ...............  | ............... | ............... | ............... | ............... |
| २० | ...............  | ............... | ............... | ............... | ............... |
| २१ | ...............  | ............... | ............... | ............... | ............... |
| २२ | ...............  | ............... | ............... | ............... | ............... |
| २३ | ...............  | ............... | ............... | ............... | ............... |
| २४ | ...............  | ............... | ............... | ............... | ............... |

अनुसूची-६

(दफा १६ को उपदफा (५) सँग सम्बन्धित)

**मतपत्र छपाउने सम्बन्धी प्रकृया**

(१) स्थानीय तह निर्वाचन नियमावली, २०७४ को नियम ३० को उपनियम (२) बमोजिम सम्बन्धित निर्वाचन अधिकृतले प्रकाशन गरेको कार्यक्रम अनुसार उम्मेदवारको अन्तिम नामावली प्रकाशन गरी उम्मेदवारलाई निर्वाचन चिह्न प्रदान गरी सकेपछि उम्मेदवारको नामनामेसी सहितको विवरण प्राप्त गरी मतपत्र व्यवस्थापन सम्बन्धी अन्य कार्य गर्नु पर्नेछ।

(२) गाउँ कार्यपालिका वा नगर कार्यपालिकाको महिला र दलित वा अल्पसङ्ख्यक सदस्यको निर्वाचनको लागि उम्मेदवारी दिएका व्यवस्थापिका-संसद्मा प्रतिनिधित्व गर्ने राजनीतिक दलका उम्मेदवारको नाम र सो दलको निर्वाचन चिह्न, त्यसरी निर्वाचन चिन्ह प्राप्त नगर्ने दलका उम्मेदवारको नाम र निर्वाचन चिन्ह तथा स्वतन्त्र उम्मेदवारको नाम र निर्वाचन चिन्ह समावेश गरी मतपत्र तयार गर्नु पर्नेछ।

(३) मतपत्रमा व्यवस्थापिका-संसद्मा प्रतिनिधित्व गर्ने राजनीतिक दलको उम्मेदवारको क्रमपछि व्यवस्थापिका-संसद्मा प्रतिनिधित्व नगर्ने राजनीतिक दलका उम्मेदवार र त्यसपछि स्वतन्त्र उम्मेदवारको निर्वाचन चिन्ह राखी मतपत्र तयार गर्नु पर्नेछ।

(४) आयोगबाट प्रेषित इमेल मार्फत प्राप्त फाइलहरु डाउनलोड गरी निर्वाचन चिन्हको फोल्डरभित्र रहेका **TIF File** बाट (क) फाइलमा रहेका व्यवस्थापिका-संसदमा प्रतिनिधित्व गर्ने दलको निर्वाचन चिन्ह र (ख) फाइलमा रहेका स्वतन्त्र निर्वाचन चिन्हबाट कपी **(Copy)** गरी मतपत्रको सम्बन्धित कोठामा त्यस्तो निर्वाचन चिन्ह इन्सर्ट (**Insert**) गरी मतपत्र तयार गर्नु पर्नेछ।

(५) महिला र दलित वा अल्पसङ्ख्यक सदस्यको लागि एउटै राजनीतिक दलबाट एकभन्दा बढी व्यक्तिको उम्मेदवारी परेको अवस्थामा मतपत्रमा उम्मेदवारको नाम र निर्वाचन चिन्ह राख्दा वर्णानुक्रमको आधारमा क्रमशः बायाँतर्फको कोठाबाट दायाँतर्फ उम्मेदवारको नाम र निर्वाचन राखी मतपत्र व्यवस्थापन गर्नु पर्नेछ।

(६) राजनीतिक दलले निर्वाचित गर्नुपर्ने पदभन्दा कम सङ्ख्यामा उम्मेदवारी दिएको अवस्थामा उम्मेदवारको सङ्ख्या अनुसार मात्र मतपत्रमा उम्मेदवारको नाम र निर्वाचन चिन्ह राखी सो लहरका अन्य कोठाभित्र अन्य निर्वाचन चिन्ह नराखी सो कोठालाई हाइलाइट गरी कालो बनाएर मतपत्र तयार गर्नु पर्नेछ।

(७) मुख्य निर्वाचन अधिकृतले निर्वाचन अधिकृतको कार्यालयमा मतपत्र उपलब्ध गराउँदा मतदाता नामावलीमा नाम कायम भएका मतदाता सङ्ख्याको सामान्यतया दश प्रतिशत थप मतपत्र उपलब्ध गराउनु पर्नेछ।

(८) मतपत्रमा क्रमसङ्ख्या उल्लेख गर्दा प्रत्येक गाउँपालिका वा नगरपालिकाको लागि छपाइ गरिने मतपत्रको अधकट्टीमा ००१ बाट शुरु हुने गरी प्रत्येक मतपत्रमा क्रमसङ्ख्या जनाउनु पर्नेछ ।

(९) मतपत्र छपाइ गर्दा सम्भव भएसम्म जिल्लाभित्र गर्नु पर्नेछ । मतपत्र छपाइ गर्दा आवश्यकता अनुसार ए फोर (A4) साइजको फोटोकपी कागजमा श्यामश्वेत (Black and White) रङमा गर्नु पर्नेछ । ए फोर (A4) साइजमा छपाइ गर्दा नअट्ने भएमा ए थ्री (A3) वा सो भन्दा ठूलो साइजमा सेतो कागजमा छपाइ गर्न सकिने भएमा एकै पानामा अट्ने गरी छपाइ गर्नु पर्नेछ ।

(१०) उम्मेदवार सङ्ख्या बढी भई ए फोर (A4) साइजको एउटै पानामा नअट्ने भएमा र ए थ्री (A3) वा सोभन्दा ठूलो साइजमा मतपत्र छपाइ गर्न नसकिएमा ए फोर (A4) साइजको एकभन्दा बढी पानामा छपाइ गरी त्यसलाई स्टिच गरेर मतपत्र तयार गरी तथा मतपत्रको प्रत्येक पानामा पृष्ठ सङ्ख्या उल्लेख गरी निर्वाचन अधिकृतले सही गर्ने स्थान राख्नु पर्नेछ ।

**उदाहरणार्थ** : पृष्ठ सङ्ख्या उल्लेख गर्दा यदि मतपत्र ३ (तीन) पृष्ठको रहने भएमा पहिलो पृष्ठमा १/३, दोस्रो पृष्ठमा २/३ र तेस्रो पृष्ठमा ३/३ गर्ने ।

(११) मतपत्रको अन्तिममा बायाँतर्फ 'मतदान अधिकृतको सही.......................' भन्ने व्यहोरा राख्नु पर्नेछ । त्यसरी मतपत्रको पृष्ठ एकभन्दा बढी भएमा अन्तिम पृष्ठ बाहेक अरूमा मतदान अधिकृतले छोटकरीमा दस्तखत गर्नु पर्नेछ ।

(१२) छपाइ गरिएको मतपत्र निर्वाचन अधिकृतको कार्यालयमा पठाउनुअघि प्रत्येक मतपत्रको प्रत्येक पृष्ठको पछिल्लो भागमा मुख्य निर्वाचन अधिकृतले दस्तखत गरी कार्यालयको छाप लगाई पठाउनु पर्नेछ ।

अनुसूची-७

(दफा २० को उपदफा (३) सँग सम्बन्धित)

निर्वाचन आयोग
निर्वाचन अधिकृतको कार्यालय
.............................. जिल्ला
.............................. गाउँपालिका/नगरपालिका

**मतगणना फाराम : १**

............................. जिल्ला..................... गाउँ कार्यपालिका/नगर कार्यपालिकाको महिला सदस्य/दलित वा अल्पसङ्ख्यक सदस्य पदको लागि मतदान भएको मत गणना देहाय बमोजिम छ।

कुल मतदाता सङ्ख्या :- कुल मतदान सङ्ख्या :-

जम्मा खसेको मत सङ्ख्या :-

सम्पूर्ण रुपमा बदर भएको मतपत्र सङ्ख्या :-

| क्र.सं. | निर्वाचन चिन्ह र उम्मेदवारको नाम | प्राप्त मत | |
|---|---|---|---|
| | | गणनाको धर्सो | जम्मा मत |
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |
| ५ | | | |
| ६ | | | |
| ७ | | | |
| ८ | | | |
| ९ | | | |
| १० | | | |
| . | | | |
| . | | | |
| | **बदर मत** | | |

मतगणना गर्ने कर्मचारीको

१. ........................................ (नाम) ................................ (दस्तखत)
२. ........................................ (नाम) ................................ (दस्तखत)
३. ........................................ (नाम) ................................ (दस्तखत)

**द्रष्टव्य :**

(१) यो गणना फाराम गाउँ कार्यपालिका वा नगर कार्यपालिकाको महिला र दलित वा अल्पसङ्ख्यक सदस्यको लागि अलग-अलग रुपमा तयार गर्नु पर्नेछ।

(२) यो गणना फाराम सम्बन्धित गाउँ कार्यपालिका वा नगर कार्यपालिकाका उम्मेदवारको निर्वाचन चिन्हको आधारमा तयार गरी गणना गर्नु पर्नेछ।

(३) सम्पूर्ण रुपमा बदर भएका मतपत्र पहिले गणना गरी तत्पश्चात मात्र अन्य मतपत्रको गणना गर्नु पर्नेछ।

(४) एउटै मतपत्रमा केही मत सदर र केही मत बदर भएको अवस्थामा पहिले बदर भए जति मत बदर मतको महलमा उल्लेख गरी तत्पश्चात मात्र सदर मत गणना गर्नु पर्नेछ।

अनुसूची-८

(दफा २० को उपदफा (४) सँग सम्बन्धित)

निर्वाचन आयोग
निर्वाचन अधिकृतको कार्यालय
.............................. जिल्ला
.............................. गाउँपालिका/नगरपालिका

मतगणना फाराम-२

**मतगणना अभिलेख फाराम**

गाउँपालिका/नगरपालिकाको नाम :
पद : गाउँ कार्यपालिका/नगर कार्यपालिकाको महिला सदस्य/दलित वा अल्पसङ्ख्यक सदस्य

| **क.सं.** | **निर्वाचन चिन्ह र उम्मेदवारको नाम** | **जम्मा मत** | **कैफियत** |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |
| ५ | | | |
| ६ | | | |
| ७ | | | |
| ८ | | | |
| ९ | | | |
| १० | | | |
| . | | | |
| | **बदर मत** | | |

मिति :-

...........................
निर्वाचन अधिकृत

**द्रष्टव्य** :

(१) अनुसूची-७ बमोजिमको फारामको आधारमा गाउँ कार्यपालिका वा नगर कार्यपालिकाको महिला र दलित वा अल्पसङ्ख्यक सदस्यको लागि यो फाराम अलग-अलग रुपमा तयार गर्नु पर्नेछ ।

(२) यो फाराममा उल्लिखित मतको आधारमा सबैभन्दा बढी मत प्राप्त गर्ने देहाय बमोजिमका उम्मेदवार विजयी हुनेछन् :-

(क) गाउँ कार्यपालिकाको महिला सदस्य पदमा सबैभन्दा बढी मत प्राप्त गर्ने चारजना,
(ख) नगर कार्यपालिकाको महिला सदस्य पदमा सबैभन्दा बढी मत प्राप्त गर्ने पाँचजना,
(ग) गाउँ कार्यपालिकाको दलित वा अल्पसङ्ख्यक सदस्य पदमा सबैभन्दा बढी मत प्राप्त गर्ने दुईजना,
(घ) नगर कार्यपालिकाको दलित वा अल्पसङ्ख्यक सदस्य पदमा सबैभन्दा बढी मत प्राप्त गर्ने तीनजना ।